# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड २) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल फागुन २२ गते २०७६ (संख्या २**


## भाग २

## संस्था वा समुह दर्ता कार्यविधि, २०७६

**(गाउँ कार्यपालिकाबाट पारित)**

(गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७६-११-०३)

**प्रस्तावना :** सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बैद्धिक, शारिरीक, आर्थिक, परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकाले, यो कार्यविधि बनाइएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस ऐनको नाम “संस्था तथा समुह दर्ता कार्यविधि, २०७६” रहेको छ ।

(२) यो कार्यविधि वैतेश्वर गाउँपालिका भित्र लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

१. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “संस्था” भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बैद्धिक, शारिरीक, आर्थिक, परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लव, मण्डल, परिष्द, समुहहरु अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

(ख) “स्थानीय अधिकारी” भन्नाले गाउँकार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ग) “प्रबन्ध समिति” भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्घ समिति सम्झनु पर्छ ।

(३) **दर्ता नगरी संस्था खोल्न नहुने** : यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था वा समुह स्थापना गर्नु हुँदैन ।

(४) **संस्था वा समुह दर्ता :** (१) संस्था वा समुह दर्ता गर्न कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था वा समुह सम्बन्धी देहायको विवरण खुलाई संस्था तथा समुहको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :

(क) संस्था वा समुहको नाम,

(ख) उद्देश्य, कार्यविवरण तथा कार्यक्षेत्र,

(ग) समितिका सदस्यहरुको नाम, ठेगाना , सम्पर्क नम्बर, पेशा र नागरिताको प्रतिलिपि

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना ।

(२) बुँदा न ४ (१)बमोजिम संस्था दर्ता गर्दा कार्य समितिको गठन देहायका आधारमा हुनुपर्नेछ।

(क) कम्तिमा एक तिहाई महिला हुनुपर्ने,

(ख) समावेशी सिद्धान्त अवलम्वन गर्नुपर्ने,

(ग) अध्यक्ष, सचिब र कोषाध्यक्षमध्ये कम्तिमा एक पदमा महिला हुनुपर्ने

(घ) अध्यक्ष, सचिव र कोषाध्यक्षको नाममा सयुंक्त रुपमा बैंक खाता खोलिएको हुनुपर्ने

(३) उपदफा (१) वमोजिम निवेदन प्रप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी गराई संस्था तथा समुह दर्ता गर्न उचित ठानेमा संस्था दर्ता प्रमाण-पत्र दिइनेछ ।

(५) **दर्ताका लागि निवेदन :** यस कार्यविधि बमोजिम संस्था वा समुह दर्ता गर्न चाहने व्यक्तिले १००० रुपैयाँ दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूचि-१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(६) **संस्था तथा समुह दर्ता र प्रमाण-पत्र :** बुँदा ५ वमोजिमको निवेदन प्रप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिम दर्ता किताबमा संस्था तथा समुह दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था तथा समुह दर्ता गरी सकेपछि अनुसुची-३ बमोजिमको दर्ता प्रमाण-पत्र दिनेछ ।

(७) **दर्ता अवधि, नवीकरण र दस्तुर** : (१) बुँदा ६ बमोजिम दिएको संस्था तथा समुह दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ ।

(२) बुँदा ७ को (१) बमोजिम संस्था तथा समुह दर्ता वहाल रहेने अवधि समाप्त भएको मितिले ३ महिनाभित्र सम्बन्धित संस्थाले स्थानीय अधिकारीबाट गाउँ सभाबाट पारित आर्थिक ऐन वमोजिमको दस्तुर लिई दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) बुँदा ७ को (२) बमोजिम म्याद नाघेपछि कुनै संस्था तथा समुहले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ता प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले बुँदा ७ को (२) बमोजिम लाग्ने दस्तुरमा प्रत्येक बर्षको रु. ५०० थप दस्तुर लिइ नवीकरण गरी दिन सक्नेछ ।

(४) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्था तथा समुहले निवेदन दिदाँ निम्न विवरणहरु पेश गर्नु पर्नेछ ।

(क) कार्य समितिको निर्णय प्रतिलिपि

(ख) बार्षिक अडिट प्रतिवेदनको छाँयाकपी

(ग) बार्षिक रु. १० लाख भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाहरुले कर चुक्ताको प्रमाण पत्र

८. यस कार्यविधि वमोजिम दर्ता भएको संस्था वा समुहले तोकिएको कार्य गरे नगरेको सम्वन्धमा अनुगमन तथा मुल्यांकन गरी आवश्यक कारवाही गर्न देहाय वमोजिमको समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) प्रशासन शाखाको प्रमुख - सदस्य

(ग) योजना शाखाको प्रमुख - सदस्य

(घ) सामाजिक विकास शाखाको प्रमुख -- सदस्य सचिब

९. यस गाउँपालिका दर्ता गर्ने संस्था तथा समुहरुको अन्य कार्य विवरण प्रदेश संस्था दर्ता सम्वन्धमा कानूनी व्यवस्था गर्न बनेको ऐन २०७५ वमोजिम हुनेछ ।

अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

निवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

..............कार्यालय ।

महोदय,

हामीले ............सम्बन्धी संस्था वा समुह खोल्न चाहेकोले यस कार्यविधि बमोजिम संस्था वा समुह दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौँ ।

प्रस्तावित संस्था वा समुहको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण

१. संस्था वा समुहको नाम :

२. संस्था वा समुहको उद्देश्यहरु :

(क)

(ख)

(ग)

(घ)

३. कार्य समितिका सदस्यहरुको

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| (घ) | | |

४. आर्थिक स्रोत :

५. कार्यालयको ठेगाना :

अनुसूची-२

(नियम ४ सँग सम्बन्धित)

<u>दर्ता किताबको ढाँचा</u>

संस्था वा समुह दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | | | संस्था वा समुहको नाम र ठेगाना | संस्था वा समुहको उद्देश्य | संस्था वा समुहको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

अनुसूची-३

(नियम ४ सँग सम्बन्धित)

प्रमाण-पत्रको ढाँचा

संस्था वा समुह प्रमाण-पत्र

श्री अध्यक्ष/सचिव

.........................।

..........................(संस्था वा समुहको नाम) यस गाउँपालिकाको संघ सस्था दर्ता कार्यविधि २०७६ को बुदाँ न. ६ वमोजिम ............साल ........महिना......गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

| | |
|---|---|
| तयार गर्नेको सही : | स्थानीय अधिकारीको सही : |
| पुरा नाम : | पुरा नाम : |
| दर्जा : | दर्जा : |
| कार्यालय : | कार्यालय : |

बैतेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पाँडूडाँडा, दोलखा

बागमती प्रदेश, नेपाल

नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधि | नवीकरण दस्तुर | शाखा प्रमुखको दस्तखत | स्थानीय अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

आज्ञाले

शालिकराम फुयाल

प्रमुख प्रशासकीय अधिकृत